लोक सेवा आयोग

सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

## परीक्षा संचालन शाखा

### सहायक निर्देशक पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | **नेपाल राष्ट्र बैंक** | विज्ञापन प्रकाशित मितिः | **२०७९/०५/१७** | लि.प. कार्यक्रम प्रकाशित मितिः | **२०७९/०८/२५** | परीक्षा केन्द्र निर्धारण मिति | २०७९/१०/११ |
|---|---|---|---|---|---|---|---|

**बैंक**को पूर्व प्रकाशित विज्ञापन अनुसार वि.नं. १०/२०७९, खुला तथा समावेशी तर्फको सहायक निर्देशक, प्रशासन, अधिकृत तृतीय तर्फको प्रथम चरण उत्तीर्ण उम्मेदवारको दोस्रो चरणको लिखित परीक्षाको परीक्षा केन्द्र देहाय बमोजिम कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि अलग परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल राष्ट्र बैंकमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | | उ.सं. | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | | | देखि | सम्म |
| १ | १०/२०७९ | खुला र समावेशी | सहायक निर्देशक, प्रशासन, अधिकृत तृतीय | २०७९ फागुन १६ गते दिनको २:०० बजे | २०७९ फागुन १७ गते दिनको २:०० बजे | २०७९ फागुन १८ गते दिनको २:०० बजे | २०० | श्री सगरमाथा मल्टिपल कलेज, डिल्लिबजार । | ३ | ६१४ |
| | | | | | | | ४०० | श्री प्रोफेसनल इनगिल्ड एकेडेमी (PEA), बी ब्लक, (पुरानो SEA) थापाथली । | ६१६ | १९६५ |
| | | | | | | | ३४६ | श्री लोक सेवा आयोग, अनामनगर । | १९६७ | ३०४४ |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **मोबाइल फोन तथा अन्य इलेक्टोनिक्स डिभाइस लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा **अंग्रेजी ठुलो अक्षर (Capital Letter) A, B, C, D** मा लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. प्रथम चरण (First Phase)को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र द्वितीय चरण (Second Phase) को परीक्षामा सम्मिलित गराइनेछ ।

७. प्रथम चरणको पूर्वयोग्यता परीक्षाको **उत्तरपुस्तिका ओएमआर प्रणालीको** हुनेछ ।

८. परीक्षार्थीहरु सबैले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा नेपाल राष्ट्र बैङ्क लिमिटेडको वेभ साइटमा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी राष्ट्रिय नेपाल राष्ट्र बैङ्कमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले मास्क लगाई आफ्नो प्रयोजनको लागि स्यानिटाइजर र खानेपानी समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन २ (दुई) मिटरको दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

राजु सत्याल
शाखा अधिकृत

प्रकाश गुरुङ्ग
उप-सचिव